- समय समयमा वृहत् यज्ञानुष्ठानको आयोजना गर्ने ।
- अक्षयकोषको स्थापना गर्ने र बढाउँदै लैजाने ।
- नियमित ध्यान तथा योगाभ्यासका लागि आवश्यक पर्ने योग एवम् ध्यान कक्षको समेत निर्माण गर्ने,
- वेद, ज्योतिष, योग, आयुर्वेद, वास्तुशास्त्र एवम् कर्मकाण्ड जस्ता प्राचीन प्रयोगात्मक विषयहरूको अध्ययन अध्यापनका लागि यज्ञमण्डप आदि प्रायोगिक कक्षाहरूको निर्माण गर्ने,
- वर्तमान समय सापेक्ष आधुनिक श्रव्य दृश्य शिक्षण सामग्रीहरूको प्रयोग गरी शिक्षण सिकाइलाई थप प्रभावकारी बनाउने,
- अभिभावक, बुद्धिजीवी, समाजसेवी, जनप्रतिनिधि एवम् सरोकारवालाहरूको विद्यालयप्रति अपनत्वको भाव सिर्जना गर्न अन्तर्क्रियात्मक तथा अन्य विविध कार्यक्रमहरू सञ्चालन गर्ने,
- विद्यालय बिचमा छाड्ने र कक्षा दोहोऱ्याउने दरमा कमी ल्याउने,
- पुस्तकालय तथा वाचनालयको स्तरोन्नति गरी प्राचीन धर्मग्रन्थ तथा आधुनिक पाठ्यपुस्तकहरूको बृहत् सङ्कलन गरी अनलाइन अध्ययनको व्यवस्था मिलाउने,
- ज्योतिष विद्यालाई प्रविधियुक्त बनाउनका लागि कम्प्युटर र सफ्टवेयरको व्यवस्था गर्ने,
- विद्यालयमा नियमित रूपमा पठनपाठन सञ्चालनको लागि आवश्यक शिक्षक तथा दरबन्दीको लागि विभिन्न निकायसँग सम्पर्क समन्वय गरी निरन्तर रूपमा विद्यालय सञ्चालन गर्नको लागि पहल गर्ने ।



## अनुरोध

वैदिक सनातन संस्कृति एवम् संस्कृत शिक्षाको संरक्षण एवम संवर्धन गर्ने पवित्र उद्देश्यले सञ्चालित यो गुरुकुल श्रद्धालु भक्तजनको मुष्टिदान एवं सहयोग बाट चलिरहेको छ । यस संस्थाको निरन्तर सञ्चालनका निम्ति आफ्नो शक्ति र सामर्थ्य अनुरूप मन, वचन र कर्मले जुट्न र आर्थिक सहयोग उपलब्ध गराउनहुन सबैमा हार्दिक अनुरोध छ ।

## सहयोगका क्षेत्रहरू

| | | |
|---|---|---|
| १. | **अक्षयकोषमा सहभागिता** | |
| | आजीवन सदस्य | १,००,००१।- |
| | आजीवन अभिभावक सदस्य | १,००,००१।- |
| | अभिभावक सदस्य ७ वर्षे | ७५,०००।- |
| | अभिभावक सदस्य ५ वर्षे | ५१,०००।- |
| | आजीवन जन्मोत्सव सदस्य | २५०००।- |
| | आजीवन पुण्यस्मृति सदस्य | २५०००।- |
| | **पुस्तक तथा पुरस्कार कोष सदस्य इच्छानुसार** | |
| २. | मासिक खाद्यान्न सहयोग शुल्क | १,०१,०००।- |
| ३. | भवन वा कोठा निर्माण योजनाअनुसार | |
| ४. | श्रीमद्भागवत सप्ताह ज्ञानयज्ञ | ३,५१,००० ।- |
| ५. | श्रीमद्भागवत एकाह ज्ञानयज्ञ | ५१,०००।- |
| ६. | लघुरुद्राभिषेक कार्यक्रम | २५,५०० ।- |
| ७. | सुन्दरकाण्ड पारायण | ११,०००।- |
| ८. | ग्रहशान्ति पूजा, जप, हवन यज्ञ | ११०००-२१०००।- |
| ९. | मासिक पूजा सहयोग शुल्क | ११०००।- |
| १०. | मासिक गोसेवा सहयोग | ५१००।- |
| ११. | दैनिक सागसब्जी सहयोग | २१००।- |
| १२. | दिवा खाजा सहयोग | २१००- |
| १३. | दैनिक पूजासहयोग | ५०१।- |
| १४. | पञ्चामृत पूजन | ११००।- |
| १५. | अतिरिक्त पोषण सहयोग इच्छानुसार | |
| १६. | अन्नदान, वस्त्रदान एवम् भण्डारा | |

*नोट : समयअनुसार सहभागिता रकम परिवर्तन हुनेछ ।*

NAIMISHARANYA SANSKRIT GURUKULAM
कुमारी बैंक लि., बनेपा, खाता नं. १०३०१४६५३२७०००००१
नेपाल बैंक लिमिटेड, बनेपा नं. - ०१५००१०७२६८५२७००००००१

**अक्षयकोष खाता**
राष्ट्रिय बाणिज्य बैंक, धुलिखेल, खाता नं. १०४०१०००१३४६१०


ॐ
विद्ययाऽमृतमश्नुते

# गोसाइँस्थान नैमिषारण्य क्षेत्रविकास समिति

द्वारा सञ्चालित

# श्रीनैमिषारण्य-संस्कृत-गुरुकुलम्

बनेपा ६, काभ्रेपलाञ्चोक







**CONTACT:**
Phone : +977-011-491466/9855013292
Email : nsgurukul@gmail.com
Facebook :@nsgurukul
Youtube : Naimisharanya Pratibha Nikunja
Website: www.nsgurukul.edu.np

## पृष्ठभूमि

वैदिक सनातन धर्म र संस्कृतिको संरक्षण, संवर्धन एवम् संस्कृत विद्याको प्रचार-प्रसार गरी उच्च नैतिकता र सुसंस्कारले युक्त समाज निर्माण गर्ने उद्देश्यले काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका वडा नं ६ गोसाइँस्थानमा वि.सं २०७० मा श्री मुकुन्दप्रसाद उपाध्यायको अध्यक्षतामा गोसाइँस्थान नैमिषारण्य क्षेत्र विकास समितिको गठन गरी अखण्ड हवन एवम् महायज्ञ, १८ महापुराण तथा उपपुराण सहित चारवेदको पारायण एवम् कथा-वाचन गराई २०७१ सालको महाशिवरात्रिमा पूर्णाहुतिद्वारा यज्ञ समापन गरेर वि.सं २०७२ साल वैशाख ८ गते अक्षय तृतीयाका दिन ब्रह्मलीन परमपूज्य गुरुवर सन्तशिरोमणि श्री १००८ डा. स्वामी रामानन्द गिरिजीको करकमलबाट नैमिषारण्य-संस्कृत-गुरुकुलमको समुद्घाटन गरी सञ्चालन आरम्भ भएको हो । आफ्नो उद्देश्य अनुरूप नैमिषारण्य क्षेत्रविकास समितिले नैमिषारण्य-संस्कृत-गुरुकुलम्मा कक्षा ६ देखि कक्षा १२ सम्म आवासीय सुविधा-सहित संस्कृत एवम् आधुनिक शिक्षाको पठनपाठन गराइरहेको छ ।



## विशेषताहरू

- कक्षा ६ देखि कक्षा १२ सम्म नि:शुल्क आवासीय सुविधासहित औपचारिक रूपमा गुरुकुलीय शिक्षा सञ्चालन ।
- वेद, संस्कृत व्याकरण, न्याय, ज्योतिष, कर्मकाण्ड, भागवत र दर्शनका साथै अन्य शास्त्रीय विषयहरूको प्रामाणिक अध्यापन ।
- पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेअनुसार अङ्ग्रेजी, गणित, नेपाली, सामाजिक जस्ता आधुनिक विषयको अध्यापन ।
- राष्ट्रियता, स्वधर्म-संस्कृति तथा मानवीय मूल्यको विशेष प्रशिक्षण ।
- आचार्यहरूको सान्निध्यमा दैनिक कृत्य र साधनात्मक दिनचर्या ।



- गुरुकुलीय मर्यादानुरूप सुन्दर, स्वच्छ, शान्त एवम् पारिवारिक वातावरण ।
- योगाभ्यास, खेलकुद, व्यायाम आदिको विशेष प्रशिक्षण एवम् अभ्यास ।
- शास्त्रार्थ, प्रवचन, काव्यगोष्ठी, जस्ता रचनात्मक क्रियाकलाप ।
- ज्योतिष, वास्तुशास्त्र, कर्मकाण्ड, कृषि, सङ्गीत र कम्प्युटर जस्ता प्राविधिक विषयको प्रशिक्षण ।
- नेपाल महर्षि वैदिक फाउण्डेसनको सहयोग र सहकार्यमा विश्वशान्तिको लागि दैनिक जप, ध्यान, योग, रुद्राभिषेक पाठ र यज्ञ नियमित रुपमा गरिदै आएको छ ।

## गतिविधि

नेपाल सरकारबाट अनुमति प्राप्त गरी नैमिषारण्य-संस्कृत-गुरुकुलम् (आ.मा.वि) सञ्चालन गरिएको छ । वार्षिक चाडपर्वहरूमा विशेष पूजा अनुष्ठानका साथै गुरुकुलले विश्वशान्तिको लागि यज्ञानुष्ठान र सत्सङ्गजस्ता विविध कार्यक्रमहरूद्वारा वैदिक दर्शनको प्रचार-प्रसार गरी समाजमा आध्यात्मिक चेतना फैलाइरहेको छ ।



*भोजन गर्दै बटुकहरू*



*गुरुकुलबाट देखिएको दृश्य*

## निर्मित भौतिक पूर्वाधारहरू

पाठशाला, यज्ञशाला, पाकशाला, शिवालय, छात्रावास, गणेशस्थान, व्यास भवन, चक्रकुण्ड, वैष्णवी कालीमन्दिर, अष्टचिरञ्जीवी, नवग्रह, सप्तर्षि, राधाकृष्ण मन्दिर, विश्राम स्थल, गेट, गोठ, हनुमान मन्दिर आदि पूर्वाधारहरू उदारमना श्रद्धालु भक्तजनहरू एवं नेपाल सरकारको सहयोगबाट निर्माण भएका छन् ।

## निर्माण योजनामा रहेका पूर्वाधारहरू

पुस्तकालय, कार्यालय, ध्यानकेन्द्र, अनुसन्धान केन्द्र, विद्यालय भवन, धर्मशाला (अतिथिशाला), पक्की घेराबार आदि निर्माण कार्यहरू नेपाल सरकारको सहयोग र दाताहरूबाट प्राप्त दान दातव्यबाट निर्माण हुने छन् ।

## उद्देश्यहरू

- सनातन वैदिक हिन्दु धर्ममा व्याप्त विकृति विसङ्गतिहरूलाई न्यूनीकरण गर्दै धर्मको दायरालाई फराकिलो पार्दै ॐकार परिवारभित्रका धर्मसंस्कृति र परम्पराहरूको जगेर्ना गर्ने,
- समाजमा यज्ञ-अनुष्ठान एवम् वेद-पुराणहरूको महत्त्व सामान्य जनमानसले बुझ्ने गरी प्रवाह गर्दै जाने,
- आर्थिक रूपले असक्षम व्यक्तिहरूका लागि अति न्यून सेवाशुल्कमा सप्ताह, एकाह, लघुरुद्राभिषेक, ग्रहशान्ति, विभिन्न पाठपारायणहरू, व्रतबन्ध, लक्ष्यहोम, शतचण्डी जस्ता धार्मिक कार्यक्रम गर्ने,
- सुविधायुक्त छात्रावासको निर्माण गर्ने,
- आवासीय रूपमा बसी अध्ययन गर्ने शिक्षार्थीहरूका लागि भोजनको शैक्षिक सामग्री आवश्यक व्यवस्था गर्ने,